कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: २९८ | वि.सं. २०८१ फागुन ७ बुधवार | नेपाल संवत: ११४४, फागुन कृष्ण सप्तमी | Wednesday 19 February 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

# कर्णालीको अर्थतन्त्रले किन जगाएन आशा ?

**ओम शाही**
**सुर्खेत, ६ फागुन ।**

कर्णाली उत्सव : कुडा कर्नालीकाको छैटौं संस्करणको दोस्रो दिन मंगलबारको बहस आश लाग्दो अर्थतन्त्रमा केन्द्रीत थियो । बहसमा सहभागी कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री राजिव विक्रम शाह, गोल्ड स्टारका कार्यकारी निर्देशक विदुषी राणा र सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मण कँडेलसँग संवाद गर्दै थिए, पत्रकार योगेश ढकाल ।

सहजकर्ता ढकालले देश खत्तम छ, अर्थतन्त्र ध्वस्त छ, पैसा जति बैंकमा थुप्रियो, निजि क्षेत्र चलायमान हुन सकेन, देशमा जतातै निराशा बढ्यो, युवा जति विदेश जान थाले भन्ने भाष्य परेको लगायतका विषयबाट सत्रको उठान गरे । ढकालले अर्थमन्त्री शाहलाई प्रश्न सोधें, 'कर्णालीको अर्थतन्त्रको अवस्था र यसको सम्भावनाका सरोवरहरुको खोजिमा पछिल्ला ६ महिना यता अर्थतन्त्रको डाइग्नोष्टिकमा सरकारले के गऱ्यो ?' जवाफमा अर्थमन्त्री शाहले आफू सरकारमा आएको ६ महिनामा गरेका कामको फेरिस्त सुनाए ।

'हामी आउनुभन्दा अघि एमाले-माओवादी मिलेर सरकार बनेको अवस्था थियो । अहिले त्यहीँ बजेट कार्यान्वयन भइरहेको छ । बजेट कार्यान्वयनको गति बढाउन सरकार लागि परेको छ । ठेक्का पट्टा, उपभोक्ता समितिमार्फत गएका योजनाहरु दशैं अगावै सम्पन्न गराउन सरकार लागि परेको छ । भूकम्प



पुर्निर्माणलाई सरकारले प्राथमिकता दिएको छ । १० वटै जिल्लामा बजेट कार्यान्वयन गराउन सरकारले संयत्र तयार पारेको छ,' उनले भने ।

विगतमा अलपत्र परेका आयोजनाहरु अघि बढाउन सरकार अघि बढेको उल्लेख गर्दै उनले सरकारको प्रयासकै कारण पछिल्लो ६ महिनामा बजेट खर्च झण्डै १६ प्रतिशत पुगेको दावी गरे । यद्यपी सरकारले गरेको खर्च भने कमै रहेको उनले बताए । प्रदेश सरकारले अघि सारेका चार अर्ब बराबरका योजना ठेक्का प्रक्रियामा गइसकेको उनको भनाई थियो । 'अहिले हाम्रो मुख्य कार्य भनेको अर्थतन्त्र स्थिरमा ल्याउने छ । झ्यालबाट योजना आउने प्रवृत्तिलाई निरुत्साहित गर्न आर्थिक वित्तिय ऐन संसदमा पेश गरेका छौं,' उनले भने, 'मैले के बुझेको छु भने मेरो पनि अर्थतन्त्रमा लगानी छ । हामीले प्रदेशको अर्थतन्त्र कसरी बढाउने विषयमा छलफल गरिहेका छौं ।'

हालको स्थितिमा विभिन्न योजनाबाट सरकारले सबैभन्दा बढी बिजनेश दिनुपर्ने भएपनि सरकारका नजिकका मान्छे ठेक्का पट्टामा सफल हुने र नजिक नहुनेहरु समस्यामा पर्ने अवस्था आइरहेको मन्त्री शाहले बताए । 'व्यापारीहरु पनि व्यापारीकरण भन्दा राजनीतिमै छन् । अब जनताले खोजेको आर्थिक समृद्धि हो । अब सबैले यतातर्फ ध्यान दिनुपर्ने छ । कर्णाली समृद्धिमा लाग्नुपर्ने छ । कर्णालीमा २२ हजार मेगावाट विद्युत् क्षमता छ । तर, उत्पादन छैन । लगानी पनि छैन । अब नयाँ तरिकाले गएर

बाँकी ४ पेजमा

## 'कर्णालीको स्याउले हजारौंलाई रोजगारी दिनसक्छ'

जुम्लाकी नारायणी चौलागाई आफैले स्याउ खेती गर्न थालेको १९ वर्ष भयो । यद्यपि उनको परिवारले भने २०२६ सालदेखि स्याउ खेती गर्दै आएको थियो । पछिल्ला केही वर्ष यता जुम्लाको स्याउले बजार पाएको दाबीका बीच नारायणीले कर्णाली उत्सवमा जलवायु परिवर्तन, सडक अवरोध, बजार नीतिका कारण किसानले उचित मूल्य पाउन नसकेको गुनासो सुनाइन् ।

मंगलबार 'स्याउ सह' सेसनमा जुम्लाकी नारायणीले कर्णालीका समग्र स्याउ किसानका समस्या र सम्भावनाबारे चर्चा गरिन् । उनले स्याउ खेती तथा बजारमा देखिएका समस्या सुनाउँदै गर्दा कृषि प्रसार अधिकृत धनबहादुर कठायतले प्रदेश सरकारले प्रांगारिक मल, नयाँ प्रविधिमा अनुदान लगायतका कार्यक्रम सञ्चालन गरिरहेको दावी गरे ।

नारायणीले चालू आवमा जुम्लाबाट मात्रै ६१ करोड ४१ लाख रुपैयाँको स्याउ जुम्ला निर्यात गरेको तथ्यांक प्रस्तुत गरिन् । उनका अनुसार यसमा काचो र बिचौलियाले निर्यात गरेको तथ्यांक समावेश छैन् । ५० प्रतिशत जति स्याउ त जुम्लामै कुहिएको अवस्था

बाँकी ३ पेजमा

## वन्यजन्तुबाट क्षति व्यहोरेका ३७ परिवारलाई राहत वितरण

**युग संवाददाता**
**बाँके, ६ फागुन ।**

जिल्लामा वन्यजन्तुबाट मानवीय तथा पशुधनको क्षति व्यहोरेका ३७ परिवारलाई राहत प्रदान गरिएको छ । लुम्बिनी प्रदेश सरकारले उपलब्ध गराएको रकम जिल्लाको एउटा नगरपालिका र तीन वटा गाउँपालिकाका ३७ परिवारलाई राहतस्वरुप प्रदान गरिएको हो ।

राप्तीसोनारी गाउँपालिकामा ३३ परिवार, खजुरा गाउँपालिकाका एक, वैजनाथका एक र कोहलपुर नगरपालिकाका दुई परिवारलाई क्षतिपूर्ति वितरण गरिएको डिभिजन वन कार्यालयले जनाएको छ । कार्यालयका सिनियर वन डिभिजनल अधिकृत शङ्करप्रसाद गुप्ताले दुई वर्षको अवधिमा वन्यजन्तुबाट मानवीय तथा पशुधनको क्षति भएका ३७ परिवारलाई राहत वितरण गरिएको जानकारी दिए ।

उनका अनुसार ३६ पशुधन पीडितलाई रु नौ लाख १२ हजार पाँच सय र एक मानवीय पीडितलाई रु १० लाख गरी १९ लाख १२ हजार पाँच सय क्षतिपूर्ति वितरण गरिएको हो । राहत वितरणमा लुम्बिनी प्रदेशका वन तथा वातावरणमन्त्री देवकरणप्रसाद कलवार, वन सचिव मोहनराज काफ्ले र राप्तीसोनारी तथा खजुरा गाउँपालिका अध्यक्षलगायतको उपस्थिति थियो । पदाधिकारीहरूले मृतक परिवारलाई राहत हस्तान्तरण गर्दै आगामी दिनमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

यसअघि निकुञ्जमार्फत सङ्घीय सरकारले राहत उपलब्ध गराउँदै आएकामा वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८० बनेपछि प्रदेश सरकारले डिभिजन वन कार्यालयमार्फत राहत उपलब्ध गराउन थालेको हो । क्षतिपूर्ति रकमलाई भने दोब्बरसम्म वृद्धि गरेको छ । निर्देशिका अनुसार भैंसी, राँगो वा गोरु, उन्नत जातको गाई, घरपालुवा चौंरी, घोडा र खच्चडको मृत्यु भएमा मूल्याङ्कनका आधारमा अधिकतम प्रतिपशु रु ६० हजारसम्म दिइने व्यवस्था छ ।

यसअघि यो रकम अधिकतम रु ३० हजारसम्म थियो । अन्य पशुको हकमा त्यसको प्रकार र मूल्याङ्कनका आधारमा प्रतिपशु रु १० हजारसम्म दिने प्रावधान छ । माछा र कुखुरा पालकलेसमेत वर्षको एकपटकका लागि क्षतिको राहतका लागि दाबी गर्नसक्ने व्यवस्था छ । यस्ता कृषकलाई क्षतिको मूल्याङ्कनका आधारमा बढीमा रु १० हजारसम्म उपलब्ध गराइने निर्देशिकामा उल्लेख छ ।

## प्रदेश अस्पताल सुर्खेतमा 'क्याथल्याब' सेवा सञ्चालन

**युग संवाददाता**
**सुखेत, ६ फागुन ।**

प्रदेश अस्पताल सुर्खेतमा ' याथल्याब' सेवा सुरुआत भएको छ । वीर अस्पतालका विज्ञसहित प्रदेश अस्पतालको स्वास्थ्यकर्मीको टिमले 'बाइप्लेन क्याथल्याब' मेसिन जडान गरेको थियो । उक्त मेसिनबाट बिरामीको एनजिओग्राफी सेवा सुरु भएसँगै मुटुरोगीहरूको जाँचका साथै क्याथल्याब सेवासमेत सुरु भएको सूचना अधिकारी तथा मेडिकल रेकर्डर अधिकृत विनोद बस्नेतले जानकारी दिए । यही फागुन ५ गतेदेखि सुरु भएको सेवा अब नियमित हुने उनले बताए ।

कर्णालीका नागरिकलाई जटिल खालको उपचार सेवा प्रदान गर्न उक्त मेसिन खरिद गरिएको उनले जानकारी दिए । यसबाट हृदयघात तथा पक्षघात लगायत जोखिमबाट व्यक्तिलाई बचाउन मद्दत गर्ने उनले बताए । विशेषगरी मुटुका बिरामीका लागि उक्त मेसिन प्रभावकारी हुने गर्छ । रु ११ करोड लागतमा उक्त मेसिन खरिद गरिएको थियो ।

यसबाट रगतको नलीबाट क्याथेटर छिराएर मुटुसम्म पुगेर मुटुको नली ठिक भए/नभएको जाँच गर्ने, मुटुका विभिन्न अध्ययन गर्ने, बन्द

बाँकी ४ पेजमा

## सुरु भयो जाजरकोट भूकम्पपछिको पुनर्निर्माण

**युग संवाददाता**
**काठमाडौँ, ६ फागुन ।**

जाजरकोट केन्द्रविन्दु भई गएको भूकम्प प्रभावित जिल्लामा पुनर्निर्माण सुरु गरिएको छ । डोटीमा ६०० भन्दा बढी लाभग्राहीसँग सम्झौता भइसकेको र केही दिनमा अनुदान रकम पठाउने तयारी गरिएको छ ।

अन्य जिल्लाहरू जाजरकोट र रुकुमपश्चिममा क्षतिको विवरण सङ्कलन भइरहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा. भीष्मकुमार भुसालले जानकारी दिए । डोटीमा गत वर्ष नै क्षति विवरण सङ्कलन गरिएकामा

बाँकी ४ पेजमा


## श्री प्रफेक्ट मन्टेश्वरी प्री–स्कुल

वीरेन्द्रनगर–०४, सुर्खेत

### कर्मचारी आवश्यकता सम्बन्धीको सूचना

प्रस्तुत बिषयमा यस श्री प्रफेक्ट मन्टेश्वरी प्री-स्कुल वीरेन्द्रनगर-४, भैरवस्थान सुर्खेतको केहि रिक्त कोटामा तपशिल बमोजिमको कर्मचारी आवश्यकता भएकाले उक्त कोटा पदपुर्ति गर्नका लागी तपशिल बमोजिम शैक्षिक योग्यता पुगेका नेपाली नागरिकले दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

**विज्ञापन नं :** ०१

| क.स | पद | पद संख्या |
|---|---|---|
| १ | प्रबन्ध निर्देशक | १ जना |

**आकश्यक कागजात तथा योग्यताहरु**

- न्युनतम शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक पास गरेको वा सो सरह योग्यता पुगेको ।
- शिक्षण पेशा सम्बन्धी र सामान्यतया लेखा व्यवस्थापन सम्बन्धी ज्ञान भएको ।
- उमेर : १८ वर्ष पुरा भई ५० वर्ष ननाघेका

**तलब स्केल :** बिध्यालयको नियमानुसार

**दरखास्त दिने अन्तिम मिति :** सुचना प्रकाशित भएको मिति देखि ७ दिन सम्म हुनेछ ।

**थप जानकारीको लागी :** ९८५८०३०२१७ /९८५८०७०२९८/ ९८६८२९८६८२ /९८६३१५७३८१

*नोट : (प्रबन्धक निर्देशक पदका लागि मोटरसाईकल र कम्प्यूटर चलाउन सक्ने पुरुषलाई प्राथमीकता दिईने छ ।)*

**अध्यक्ष**
**सुमन नाथ योगी**








## सम्पादकीय....

# बालबालिकालाई असल संस्कार सिकाऔं !

अहिले दैलेखमा घटेको एक घटनाले सबैको ध्यान तानेको छ। जिल्लाको दुल्लु नगरपालिका-५ रिजुका ११ बर्षिय बालकको विभत्स हत्या भएको घटनाले सानै उमेरका बालबालिकामा हिंस्रक प्रवृत्ति मौलाउँदै जान थालेको कटु वास्तविकता सार्वजनिक भएको छ। पछिल्ला केही महिनायताका घटनालाई विश्लेषण गर्ने हो भने २० बर्षभन्दा कम उमेरमै जघन्य अपराधका घटनामा संलग्न हुने क्रम बढ्दै गएको देखिन्छ। शनिबार सार्वजनिक भएको दैलेख घटनामा अन्दाजी १४ र १७ बर्षिय दुई किशोरले छिमेकका ११ बर्षिय बालक खेमराज विष्टको घरेलु हतियार प्रयोग गरी २५ माघमा विभत्स हत्या गरी खाल्डोमा पुरेको अवस्थामा शव फेला परेको छ। चोरीका घटना सार्वजनिक हुने भयले दाजुभाई मिलेर विष्टको विभत्स हत्या गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ। दैलेखमा मात्रै होइन माघ महिनामा जाजरकोट र अछाम जिल्लामा पनि यस्तै प्रकृत्तिका दुई वटा घटनाहरु सार्वजनिक भएका थिए। ति घटनामा पनि २० बर्ष कम उमेरका किशोरहरुको संलग्ना रहेको प्रहरी अनुसन्धानले देखाएको थियो। पछिल्लो सयम सार्वजनिक भएका यी घटनाहरुले बाल मनोविज्ञानमा नकारात्मक प्रभावको विकास हुन थालेकोप्रति संकेत गर्दछ। विगतका वर्षहरूमा यस्ता घटना विरलै घट्ने गरेको बताउँदै जानकारहरू यसप्रति बेलैमा सचेत रहनुपर्ने बताउँछन्। अपरिपक्क उमेरबाटै आपराधिक मानसिकताको विकास हुनुले समाज अराजकतातर्फ धकेलिने जोखिम बढ्न थालेको हो ? भन्ने प्रश्न यतिबेला सतहमा छ।

बालबालिकामा हत्या जस्तो जघन्य अपराधको विकास हुनु बहुपक्षीय कारणहरू जोडिएको मानसिक स्वास्थ्यका क्षेत्रमा संलग्न विज्ञहरु बताउँछन्। सामाजिक, मनोवैज्ञानिक, जैविक, तथा वातावरणीय कारकहरूले बालबालिकामा नकारात्मक मनोवृत्ति विकास हुने उनीहरुको जोड छ। बाल्यकालको वातावरण र पारिवारिक पृष्ठभूमि, हिंसात्मक वा दुर्व्यवहारयुक्त परिवारमा हुर्किनु, अभिभावकबाट उपेक्षा वा दुर्व्यवहार पारिवारिक तनाव, गरीबी वा अशान्त वातावरणका कारण घरमै हिंसा देख्नुले बालबालिकामा हिंसात्मक व्यवहार विकास हुनमा सहयोग पुगिरहेको हुन्छ। बालबालिकामा आपराधिक व्यवहार विकासमा मनोवैज्ञानिक कारणहरू पनि जोडिएका हुन्छन्। मानसिक स्वास्थ्य समस्याहरू (जस्तैः मनोरोग, साइकोप्याथी प्रवृत्ति, सिजोफ्रेनिया आदि) आक्रोश व्यवस्थापन गर्न नसक्नु, सहानुभूति वा नैतिकताको कमीले बालबालिकामा हिंसात्मक व्यवहार विकास गराउँदछ। यसमा सामाजिक र सांस्कृतिक प्रभावहरू पनि जोडिएको हुन्छ। हिंसात्मक फिल्म, भिडियो गेम तथा सामाजिक सञ्जालको गलत प्रयोग, गलत साथीभाईको संगत, हिंसालाई स्वीकार गर्ने प्रवृत्तिले पनि बालबालिकालाई असर गरिरहेको हुन्छ। शिक्षा र मार्गदर्शनको कमी, विद्यालय तथा परिवारबाट नैतिक शिक्षा वा सही मार्गदर्शन नपाउनुले पनि बालबालिकामा हिंसात्मक प्रवृत्तिको विकास हुने मनोविदहरु बताउँछन्। लागू औषधको दुरुपयोगले आत्मसंयम गुमाउनु, मदिरा वा लागुऔषधको असरले हिंसात्मक प्रवृत्ति बढाउनु, कानूनी सजायको डर नहुनु वा थाहा नपाउनुले पनि यसले प्रसय पाइरहेको उनीहरुको जोड्छ। त्यस्तै, जैविक तथा आनुवंशिक कारणहरूले पनि हिंसात्मक प्रवृत्तिको विकास हुने बताइन्छ। दिमागको न्यूरोलोजिकल गडबडी (जस्तैः एमिग्डाला वा प्रीफ्रन्टल कोर्टेक्समा असामान्यता) आनुवंशिक रूपले आक्रामक प्रवृत्तिको विकास हुने रावतले बताए। परिवारभित्र स्वस्थ वातावरण सिर्जना गर्नु, बालबालिकालाई सहानुभूति, नैतिकता, र आत्मसंयमसहितका संस्कार सिकाउने, मानसिक स्वास्थ्य सेवा उपलब्ध गराउने, हिंसात्मक मिडिया सामग्रीको प्रभाव न्यून गर्ने, सामाजिक र कानूनि सचेतना फैलाउन सके यसको प्रभाव कम गर्न सकिन्छ। बालबालिकाले हिंसात्मक वा अनौठो व्यवहार देखाएको अवस्थामा समयमै पहिचान गरी उचित परामर्श वा सहयोग प्रदान गर्न सके बालबालिकालाई हिंसात्मक प्रभावबाट समयमै बाहिर ल्याउन सकिन्छ। यसतर्फ परिवार, समाज, विद्यालयसँगै राज्य बेलैमा चनाखो हुन जरुरी छ।

# प्रजातन्त्र संस्कारको रुपमा विकसित हुनुपर्छ



✍ हरिविनोद अधिकारी

काठमाडौँ, ६ फागुन (रासस)ः हामी ७५औँ प्रजातन्त्र दिवस मनाउन लागेका छौँ। एउटा अकल्पनीय युग थियो जहानियाँ शासनको। त्यो जहानियाँ राणाशासनको संस्थापक थिए तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणा। उनले जुनसुकै उद्देश्यले आफ्ना सन्तानहरूले मात्र शासन चलाउन पाउने गरी राणाहरूको शासकहरूको क्रम बसाले जसको अन्त्य २००७ सालको जनक्रान्तिले गरेको थियो। त्यसरी एउटा परिवारको हालीमुहालीमा राज्य चलाउने राणा परिवारका विरुद्धमा अन्याय खप्न नसक्ने राणाहरू पनि जनक्रान्तिका पक्षमा लागेको इतिहास भेटिन्छ।

राणाशासनको विरुद्धमा केही सङ्गठित, केही असङ्गठित प्रयास २००७ सालभन्दा पहिले पनि भएको पाइन्छ, जसको मुख्य आधारका रुपमा १९९७ सालको प्रजापरिषद्को जनविद्रोहको आवाज थियो, जसलाई राणाशासनले कुल्चियो र नेपालका महान् सपूतहरू शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त माथेमा र गङ्गालाललाई मृत्युदण्ड दिइएको थियो।

त्यसले तत्कालका लागि त राणा प्रशासनलाई राहत नै भएको थियो होला तर त्यसैको भिल्को र जनचेतनाको लहर नेपाल र भारतमा बसेका नेपालीहरूका माझ यसरी फैलियो कि राणाले कल्पना नै नगरेको विद्रोह भयो, नेपाली जनताहरू आफ्नो नागरिक स्वतन्त्रताका लागि हतियारसम्म उठाउन बाध्य भए, जसका लागि २००३ साल फेरि अर्को कोसेढुङ्गो साबित भयो, जसले नेपालीहरूको प्रजातान्त्रिक हक प्राप्तिका लागि, जन्मसिद्ध नागरिक हक प्रजातान्त्रिक अधिकार प्राप्तिका लागि भारत प्रवासमा नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेसको स्थापना गरियो।

नेपाली राष्ट्रिय कांग्रेसमा प्रमुख नेताहरू थिए, विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद उपाध्याय तर उनीहरूले त्यो संस्थाको अध्यक्षका रुपमा प्रजातन्त्रका लागि नेपाली जेलमा रहेका टङ्कप्रसाद आचार्यलाई बनाए र कार्यवाहक अध्यक्षको रुपमा कार्यकारी नेता बनाएर विश्वेश्वरप्रसाद कोइराला थिए। उता प्रजातन्त्र कांग्रेसका मुख्य नेताहरू थिए सुवर्णशमशेर राणा, महेन्द्रविक्रम शाह र सूर्यप्रसाद उपाध्याय।

मुलुकको वृहत्तर हित र नागरिक अधिकारको तत्काल बहालीका लागि ती दुवै दलहरू एकाकार भए र नेपाली कांग्रेस नामक दलको स्थापना गरियो। एकाकार प्रजातान्त्रिक दल नेपाली कांग्रेसले नेपालमा प्रजातन्त्रका लागि आवश्यक परे सशस्त्र क्रान्तिसमेत गर्ने निधो गऱ्यो।

तत्कालको राणाशासनले सम्झाएर बुझाएर किन प्रजातन्त्र दिन्थ्यो र ? स्थिति कतिसम्म संवेदनशील बन्यो भने राजा मुलुक बाहिर जान बाध्य भए। अनि प्रजातन्त्रका लागि राजाको समेत समर्थनमा सशस्त्र क्रान्ति भएको थियो जसको नेतृत्व नेपाली कांग्रेसले लिएको थियो। विसं २००७ कात्तिक २६ गते सुरु भएको जनक्रान्तिले फागुन ७ गतेभित्रै आफ्नो लक्ष्य पूरा गर्दै फागुन ७ मा नै प्रजातन्त्र घोषणा गराउने काम गर्न सफल भएको थियो।

दुई दल मिलेपछि प्रजातान्त्रिक प्रक्रियाको लागि सशस्त्र क्रान्तिसमेत गरियो र त्यसको फलस्वरुप मुलुकमा प्रजातन्त्र घोषणाको तयारी भयो। भारत प्रवासमा रहेका राजा र उनका परिवार पनि फर्किए। सशस्त्र क्रान्ति पनि सहमतिमा रोकियो र राजाले २००७ फागुन ७ गते मुलुकलाई नयाँ युगको प्रतीकस्वरुप प्रजातन्त्र घोषणा गरे र भने "... हाम्रा प्रजाको शासन अब उप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार होओस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकोले..'' भन्ने घोषणासँगै आफूलाई सहयोग गर्ने एक मन्त्रिपरिषद् पनि घोषणा गरिएको थियो।

त्यो मन्त्रिपरिषद्मा राणा पक्षीय, कांग्रेस पक्षीय र राजा पक्षीय मन्त्रीहरू थिए। राजा त्रिभुवनले प्रधानमन्त्रीमा तत्कालै निवर्तित भएका श्री ३ महाराज प्राइममिनिस्टर मोहनशमशेर जङ्गबहादुर राणालाई नै परराष्ट्रमन्त्रीसमेत नियुक्त गरेका थिए भने अन्य मन्त्रीहरू थिए- बबरशमशेर जङ्गबहादुर राणा रक्षामन्त्री, विश्वेश्वरप्रसाद कोइराला गृहमन्त्री, सुवर्ण शमशेर राणा अर्थमन्त्री, चुडाराजशमशेर वन विभाग मन्त्री, गणेशमान सिंह उद्योग वाणिज्यमन्त्री, नृपशमशेर जङ्गबहादुर राणा शिक्षामन्त्री, भद्रकाली मिश्र यातायातमन्त्री, यज्ञबहादुर बस्न्यात् स्वास्थ्य र स्वायत्त शासनमन्त्री, भरतमणि शर्मा खाद्य र कृषिमन्त्रीसमेत अरु मन्त्रीहरू सम्मिलित भएको एक मन्त्रिमण्डल गठन गरिएको थियो। राजा त्रिभुवनले यो मन्त्रिपरिषद् निजको इच्छाअनुसार पदमा रहनेछन् भनेको थिए।

नेपालमा प्रजातन्त्रको अभ्यास र शासन प्रणालीको स्वर्णिम कल्पना गर्ने हाम्रा ती महान प्रजातन्त्रवादीहरूलाई स्मरण गर्ने बेलामा के पनि बिर्सनु हुँदैन। जुन प्रजातन्त्रको हामी उपयोग र अभ्यास गरिरहेका छौँ, के त्यही परिणामका लागि लाखौँ नेपालीले. रगत र पसिना बगाएका हुन् प्रजातन्त्र प्राप्ति र पुनर्प्राप्तिका लागि ? यो प्रश्न आजको समयमा सर्वत्र उठिरहेको छ। प्रजातन्त्रवादीले प्रजातन्त्रको नेतृत्व गरिरहेको छ कि प्रजातन्त्र विरोधीले प्रजातन्त्रको विरुद्धमा प्रजातन्त्र शब्द र प्रयोगको दुरुपयोग गरिरहेको छ ? यो त सबै जनताले हेर्ने र समीक्षा गर्ने कुरा हो। नागरिक समाजको पनि कर्तव्य हो कि के प्रजातन्त्रका पक्षमा हो र के विपक्षमा हो भनेर जनतालाई जानकारी गराउने।

प्रजातन्त्रमा केही अत्यावश्यक विशेषताहरू अनिवार्य हुनुपर्छ। ती विशेषताहरू हुन्–जनतालाई शासन गर्न जनताबाटै निर्वाचित पदाधिकारीहरू, स्वतन्त्र निष्पक्ष र नियमितरुपमा आवधिक निर्वाचनहरू, अभिव्यक्ति स्वतन्त्रता, मानव अधिकारको प्रत्याभूति, सूचनाको हक र सूचनाका जानकारीका लागि वैकल्पिक स्रोतहरू, सङ्घसंस्थाहरू खोल्न पाउने र उनीहरूको निरन्तरताको प्रत्याभूति र सबै नागरिकहरूको समावेशीतामा शासन प्रणालीले दिने विकास र समानताको सामाजिक न्यायको प्रत्याभूति। ¯२००७ सालको जनक्रान्तिले ल्याएको जनचेतनाको प्रतिफल नेपाली जनताले प्रजातन्त्र प्राप्त गरे र त्यसको अगुवाइ नेपाली काँग्रेसले गरेको कुरा नेपालको इतिहासमा अविस्मरणीय घटना बनेकै छ। यसपटकको फागुन ७ गते हामीले नेपालीले स्वतन्त्रताको ७५औँ दिवस मनाइरहेका छौँ। यी विगतका ७४ वर्षहरू किन र कसरी अस्थिर राजनीतिका समयका रुपमा व्यतीत भए भन्नेकुरा अनुसन्धानकै विषय बनेको पाइन्छ। तर हाम्रो प्रयास चाहिँ स्थिर सरकार होस् र सरकारका प्रयासहरू सदैव जनहितमा मात्र केन्द्रित होउन् भन्नेमा नै केन्द्रित रहनुपर्छ।

प्रजातन्त्रका लागि लड्नेहरूले प्रजातन्त्रको एउटा विश्वव्यापी खाकाको सैद्धान्तिक धारणालाई आत्मसात् गरेका हुन्छन् र एउटा प्रजातान्त्रिक सीमाको धर्को कोरेका हुन्छन्। त्यो धर्को भनेको प्रजातन्त्रको खुला सीमा हो, जसको एउटा अनुशासनलाई त्यसप्रति आस्था हुनेले मान्नैपर्छ, नत्र उ प्रजातन्त्रवादी हुनै सक्दैन। जनताको प्रत्यक्ष सहभागितालाई २००७ सालमा आदर्श मानेर प्रजातन्त्रको स्थापना गरिएको थियो र विभिन्न बहानाबाजीमा राजाहरूले २०१५ सालमा मात्र जननिर्वाचित संस्थाको व्यवस्था गरेका थिए। प्रजातन्त्रले त्यही बेलादेखि नै अभ्यासबाट टाढा बस्न बाध्य हुनुपरेको थियो। २०१७ पुस १ गतेको प्रजातन्त्रको घाँटी निमोठ्ने र संसद भङ्ग गरी जननिर्वाचित सरकार विघटन गर्ने आततायी घटना र त्यसपछिका ३० वर्षको निर्दलीयताको कुरै नगरौँ।

बिपी कोइरालाले स्वेच्छिक निर्वासन त्यागेर २०३३ पुस १६ गते नेपाल प्रवेश गरेपछि एउटा नयाँ चेतनाले नेपालमा प्रजातन्त्रका पक्षमा एउटा चेतनाको दियो बाल्ने काम गऱ्यो तर त्यसबेलासम्ममा प्रजातन्त्र विरोधीहरूको नयाँ भूइँफुट्टा समूह तयार गरिसकेको थियो, जसले राजालाई प्रजातन्त्रप्रतिको मोहभन्दा उनीहरूको सहयोगमा निर्दलीय व्यवस्थाको दीर्घकालीन अभ्यासका लागि प्रेरित गरेको थियो। त्यसैको फलस्वरुप २०३६ सालको बहुदल या निर्दलीय पञ्चायत भन्ने विकल्पको जनमत सङ्ग्रहमा जनमत सङ्ग्रह धोका हो भन्दै पञ्चायतको पक्षमा मत हाल्नेहरूको दबदबा बढ्यो। तर जनताको चाहना र प्रजातन्त्रको बाटो विपरीत तीन दशकमै नराम्ररी मक्किसकेको थियो। अन्ततः राजाका असल हिमायती हौँ भन्नेहरूले न त पञ्चायत जोगाउन सके, न त राजतन्त्र नै जोगाउन सके।

वास्तवमा प्रजातन्त्रका विरुद्धमा लाग्नेहरू, प्रजातन्त्रको नाममै भए पनि, ती सबै बडारिने रहेछन् भन्ने कुरा सोभियत सङ्घको पतनले मात्र प्रमाणित गरेको होइन कि हिटलरको समूल पतनले समेत प्रमाणित गरेकै हो। त्यसैले अन्ततः प्रजातान्त्रिक शासन व्यवस्था नै उपयुक्त हुने रहेछ भन्ने संसारभर नै नयाँ चेतना आएको छ, जसको प्रत्यक्ष प्रभाव नेपालमा परेकै छ र कतिपय घटनामा नेपालको शान्तिपूर्ण सत्ता हस्तान्तरणले नजिरको काम समेत गरेको छ। अहिले नेपालमा तेस्रो पुस्ताको प्रजातन्त्रको शासन चलेको छ। पहिलो पुस्ताको शासन २०१६ जेठदेखि २०१७ पुस १ गतेसम्म, दोस्रो पुस्ताको प्रजातन्त्र २०४७ वैशाख ६ गतेदेखि २०५९ असोज १९ सम्म र तेस्रो पुस्ताको प्रजातन्त्र २०६३ वैसाख ११ देखि आजसम्मको हो।

मुलुक समाजवादोन्मुख छ र समाजका पक्षमा शासन प्रणाली हुन आवश्यक छ। निश्चित आयस्रोतको अवस्था र भएको प्राकृतिक स्रोतको सदुपयोग गर्ने काममा तदारुकता आवश्यक देखिन्छ। प्रजातन्त्र शासन प्रणालीको मात्र नाम होइन, यो त एउटा संस्कार हो, जसले मानवीय गुणहरूको व्यक्तिगत तथा सामूहिक रुपमा सम्मान गर्छ।

प्रजातन्त्र दिवसका उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा शुभकामना र प्रजातन्त्रको रक्षाका लागि सदैव सजग रहन सावधान हुनुपर्ने सतर्कता आवश्यक रहेको अनुरोध गर्दै ज्ञातअज्ञात सहिदहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्नु सामयिक हुनेछ। प्रजातन्त्रको विकल्प प्रजातन्त्र मात्र हो भन्ने विश्वव्यापी सत्यलाई आत्मसात् गर्नका लागि मुखले मात्र प्रजातन्त्रको कुरा गर्ने तर सदैव प्रजातन्त्रका विरुद्धमा मात्र तानाबाना बुन्नेहरूलाई चुनौती दिन पनि प्रजातन्त्र दिवसले प्रेरणा प्रदान गरोस्।

## विश्व

# सन् २०३५ मा उत्सर्जन घटाउने जापानको लक्ष्य

**टोकियो, ६ फागुन ।**

जापानले मंगलबार सन् २०१३ को स्तरबाट अर्को दशकमा ग्रिनहाउस ग्यास उत्सर्जन ६० प्रतिशतले घटाउने प्रतिबद्धता जनाएको छ, तर जलवायु अभियानकर्मीहरूले संशोधित लक्ष्य विश्वव्यापी तापमान वृद्धिलाई सीमित गर्ने पेरिस सम्झौताअन्तर्गत आवश्यकभन्दा कम भएको बताएका छन्।

पेरिस सम्झौताअन्तर्गत प्रत्येक देशले सन् २०३५ सम्ममा 'हिट ट्र्यापिङ' उत्सर्जन कटौती गर्नका लागि संयुक्त राष्ट्रसंघलाई भिन्न प्रमुख आँकडा प्रदान गर्नुपर्ने हुन्छ र यो कसरी प्राप्त गर्ने भन्ने विस्तृत खाका दिनुपर्छ।

तर, कार्यकर्ताहरूका अनुसार पेरिस सम्झौताअन्तर्गत सहमत सुरक्षित स्तरहरूमा विश्वव्यापी तापमान वृद्धिलाई सीमित गर्न थप महत्त्वाकांक्षी कार्य आवश्यक छ। जापानको वातावरण मन्त्रालयले सन् २०३५ सम्ममा उत्सर्जन ६० प्रतिशतले कटौती गर्ने लक्ष्य राखेको छ।

विश्वको चौथो ठुलो अर्थतन्त्रले आफ्नो नयाँ राष्ट्रिय रूपमा निर्धारित योगदान (एनडिसी) को अंशका रूपमा सन् २०४० सम्म उत्सर्जन ७३ प्रतिशतले घटाउने लक्ष्य राखेको छ। यो स्वेच्छिक प्रतिज्ञा मंगलबारपछि संयुक्त राष्ट्रसंघमा पेस गरिनेछ। चीन, संयुक्त राज्य अमेरिका, भारत र रुसपछि विश्वको पाँचौँ ठुलो एकल-देश कार्बन डाइअक्साइड उत्सर्जकका रूपमा जापान आयातित जीवाश्म इन्धनहरूमा धेरै निर्भर छ।

झन्डै दुई सय मुलुकले फेब्रुअरी १० सम्ममा आफ्नो नयाँ जलवायु योजनाहरू पेस गर्नुपर्ने थियो, तर राष्ट्रसंघको डाटाबेसअनुसार समयमै १० वटा मात्र पेस भएका छन्। जापानी मन्त्रालयले मंगलबार आफ्ना 'महत्त्वाकांक्षी लक्ष्यहरू विश्वव्यापी १.५ डिग्री सेल्सियस लक्ष्यसँग अनुरूप छन् र सन् २०५० सम्म शुद्ध शून्य प्राप्तिको सीधा मार्गमा छन्' भनेको छ।

तर, अन्तर्राष्ट्रिय वातावरणीय समूह ३५०.ओआरजीका मासायोशी इयोदाले वैज्ञानिकहरूका अनुसार जापानले १.५ डिग्री उद्देश्यमा आफ्नो प्रतिबद्धतालाई सम्मान गर्न सन् २०३५ सम्म ८१ प्रतिशत उत्सर्जन कटौती गर्न आवश्यक रहेको बताए। 'यो नवीकरणीय ऊर्जाको निष्पक्ष र न्यायपूर्ण भविष्यमा संक्रमण गर्ने जापानको प्रयासमा ठुलो असफलता हो,' उनले भने।

ग्रिनपिस जापानका काजु सुजुकीले पनि सन् २०३० को नयाँ लक्ष्यलाई 'निकै कम' भन्दै 'औद्योगिक रूपमा उन्नत देशका रूपमा हाम्रो जिम्मेवारीको दृष्टिकोणबाट' ७८ प्रतिशत कटौतीको आह्वान गरे।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – धनार्जनका नयाँ बाटोहरू खुल्नेछन्। मित्रको सल्लाहले बिग्रेको काम बन्नेछ। साझेदारी व्यापारबाट लाभ मिल्ला।

**वृष** – नोकरी वा पेशामा नयाँ जिम्मेवारीको वहन गर्नुपर्ने हुन्छ। व्यापार व्यवसायमा लाभ मिल्नेछ। कलाको क्षेत्रबाट विशेष सफलता पाइनेछ।

**मिथुन** – कार्यक्षेत्रमा प्रतिस्पर्धीलाई उछिन्दै र विभिन्न अवसरहरु प्राप्त गर्न सक्नुहुनेछ। मेहनतले राम्रै नाम कमाउन सकिएला।

**कर्कट** – प्रतिस्पर्धी स्वतः पराजित हुनेछन्। दिगो कार्य प्रारम्भ गर्ने समय रहेको छ। विद्यार्थीहरूलाई अध्ययन अध्यापनमा सफलता मिल्नेछ।

**सिंह** – प्रियजनहरूको सानिध्यले दिन रमाइलो रहनेछ। प्रशासनिक सहयोगले कुनै विशिष्ट कार्यसम्पादन गर्नमा सफलता पाइनेछ।

**कन्या** – मान सम्मानमा प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ। उत्कृष्ट बोलि वा लेखनको सहायताले विशेष उपलब्धि प्राप्त गर्न सक्नुहुनेछ।

**तुला** – वैदेशिक रोजगारको नयाँ अवसर प्राप्त हुनेछ। व्यवहारमा विपरीत परिस्थितिसँग जुध्नुपर्ने अवस्था आउन सक्ला।

**वृश्चिक** – पारिवारिक कारणले मनमा निराशा वा चिन्ता रहनेछ। कार्यक्षेत्रमा उच्च अधिकाहरूको साथ मिल्नेछ। व्यापार व्यवसायमा सामान्य लाभ रहनेछ।

**धनु** – परिश्रमको अनुरूप कार्यक्षेत्रमा सफलता मिल्नेछ। राजनीतिक क्षेत्रमा नयाँ अवसरहरू मिल्ने योग छ। नोकरी वा पेशामा आत्तिएर निर्णय नलिनुहोला।

**मकर** – धर्म र कर्ममा बृद्धि हुनेछ। कार्यक्षेत्रमा जोश जागर बढ्नेछ। मानसिक रूपले थकान महसुस हुनेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ।

**कुम्भ** – नँया नोकरीमा सफलता मिल्नेछ। राजनीतिक क्षेत्रमा प्रभाव बढ्नेछ। नोकरी वा पेशामा उच्च अधिकारीहरूको सहयोग मिल्नेछ।

**मीन** – साझेदारी व्यवसायमा साझेदारको सहयोग मिल्नुको साथै नयाँ धन आउने स्रोतहरू बढ्नेछन्। जीवनसाथीसँग मनमुटाव थियो भने सुल्झिनेछ।

# आधुनिक कृषिमा रमाउँदै सुर्खेतका युवा

**गीता थापा/रासस**
**सुर्खेत, ६ फागुन ।**

केही समय पहिला रोजाइमा नपरेको कृषि पेसामा पछिल्लो समय विस्तारै युवा आकर्षित हुन थालेका छन् । विदेश जानुभन्दा स्वेदशमा बसेर जीविकोपार्जन गर्ने उद्देश्यले यहाँका युवा पशुपालन, तरकारीखेतीमा आकर्षित हुन थालेका हुन् ।

"सुरुआत आफैँबाट गरौँ, परिवर्तन सम्भव छ", भन्ने सोचका साथ वीरेन्द्रनगर-९ लाटीकोइली सुर्खेतका दीपेन्द्र कार्की व्यावसायिक कृषि पेसा थालेको १७ वर्ष भयो । पढेलेखेको युवाले माटो, गोठ, गोबर अनि गाईबस्तु छुन हुन्न भन्ने विचार परिवर्तन गर्नुपर्ने उनको भनाई छ ।

कार्कीले भने, "पछिल्लो समय कक्षा १२ पढेर सक्नेबित्तिकै विदेश जाने युवाको लर्को लाग्ने गर्छ । तर १४ महिना इजरायलमा बसेपछि विदेशमा दुःख गर्नुभन्दा आफ्नै ठाउँमा केही गर्नुपर्छ भनेर स्वदेश फर्किएको हुँ ।" सन् २०१६ मा इजरायल पुग्नुभएका कार्कीले त्यहाँबाट कृषि प्रणाली, पशुपालन, तरकारीखेतीका बारेमा सिकेको सीप अहिले आफ्नै गाई फार्म र तरकारी खेतीमा प्रयोग गर्दै आएको बताउनुभयो । अहिले उनले कोपिला एग्रिकल्चर एण्ड लाइभस्टक प्रालिको रूपमा आफ्नो फार्म दर्ता गरी २४ वटा गाई पालनसँगै दुई बिघा जग्गा भाडामा लिएर तरकारी खेती गर्दै आएका छन् । ३२ लाखमा व्यक्तिगत लगानीमा उनले गाईपालन र तरकारीखेती सुरु गरेका हुन् । कार्कीले अहिले दैनिक रूपमा एक सय १० लिटर दूध बिक्री गर्दै आएको बताउँदै प्रतिलिटर रु ८० मा बिक्री हुने जानकारी दिए । उनले भने, "गाईपालन र



तरकारीखेतीबाट प्रशस्त आम्दानी भइरहेको छ, यो पेसाबाट एकदमै सन्तुष्ट छु ।" दुई व्यवसायलाई एकसाथ सञ्चालन गर्न केही गाह्रो भए पनि यी व्यवसाय एक अर्कोका परिपूरक भएका उनको भनाइ छ ।

"सबैभन्दा ठूलो र उपयोगी फाइदा भने टनेलबाट निस्कने घाँसपात गाईबस्तुका लागि र गाईबस्तुका मलको उपयोग तरकारीमा भइरहेको छ", कार्कीले भने । सोही कारण आफ्नो फार्मलाई प्राङ्गारिक फार्मका रूपमा स्थापना गर्न सकेको उनले उल्लेख गरे । गाईको गोबरबाट एक वर्षमा ८५ टन प्राङ्गारिक मल उत्पादन गर्ने गरेको उनले बताए । उनले होलसेलमा प्रतिकिलो रु २० र फुटकरमा रु २५ मा मल बिक्री वितरण गर्दै आएको छ ।

उनको फार्ममा अहिले तीन जनाले रोजगारी पाएका छन् । कामदारको काम र दक्षता हेरेर रु १० देखि रु २२ हजारसम्म तलब दिने गरेको उनले जानकारी दिए । उनले भने, "एक महिनामा गाईलाई दाना पानी र कर्मचारीलाई तलब दिएर ८० हजार बचाउने गरेको छु, महिनामा रु ८० हजार बचत गर्नसके किन जानुपऱ्यो विदेश ।" कार्कीले अहिले स्थायी प्रकृतिका १० वटा टनेलमा काउली, बन्दा, टमाटर, बेमौसमी बोडी, सिमी लगाएका छन् ।

वीरेन्द्रनगर-२ दौलतपुर सुर्खेतका गोपालराज सुनारले पनि दुई बिघा जग्गामा तरकारीखेती गर्दै आइरहेका छन् । उनको मुख्य आयआर्जनको स्रोत नै कृषि हो । कुनैबेला विदेशिएका साथीभाइको प्रगति देखेर मन बदल्न खोजेका गोपालले अहिले घरमा बसेर प्रशस्त आम्दानी गरेका छन् । "जलवायुमैत्री कृषि कार्य गर्न वीरेन्द्रनगर नगरपालिका, कृषि शाखाबाट आर्थिक अनुदान लिएर स्थायी टनेल बनाएको छु", गोपाल भने, "अहिले एक सिजनमा रु ६० हजार आम्दानी हुन्छ ।"

उनीसँग अहिले पाँच वटा पक्की टनेल र दुई वटा कच्ची टनेल छन् । जसमा साग, काउली, भ्यान्टा, सिमी, बेमौसमी बोडी, टमाटर र च्याउ लगाएका छन् । वि.सं २०७४ देखि तरकारी व्यवसायमा लागि परेका गोपालले थोरै लगानीमा पनि राम्रो आम्दानी गर्न सकिने बताए ।

गोपालले तरकारीमा हाल्न गड्यौला मल उत्पादन गर्ने गरेको उल्लख गर्दै झोल मल कीरा नियन्त्रणका लागि उत्तम औषधी भएका जानकारी दिए । उनले बजारमा पाइने विभिन्न किटनाशक विषादी तरकारीमा अहिलेसम्म प्रयोग नगरेको बताए ।

गोपालले भने, "विषादी प्रयोग नगरेर तरकारी फलाउँदा बजार खोज्न पनि जानुपर्दैन, घरबाटै बिक्री हुन्छ ।" स्वस्थकर तरकारी उत्पादनले झन बढी आम्दानी दिने र माटोको उर्वराशक्ति कमजोर पनि नहुने उनको भनाई छ ।

दीपेन्द्र र गोपाल जस्तै वीरेन्द्रनगर-१० नयाँगाउँका कृषक ज्ञानबहादुर चौधरी पनि अहिले व्यावसायिक च्याउखेतीमा रमाइरहेका छन् । उनलाई च्याउखेती गर्नका लागि वीरेन्द्रनगर नगरपालिकाले बीउ उपलब्ध गराएको थियो ।

ज्ञानबहादुरले भने, "दैनिक सात किलोसम्म च्याउ बेच्छु, सिजनमा क्विन्टल आलु, प्याज, धनियाँ, लसुन र खुर्सानी बेचिरहेको छु, घरखर्च यहीँबाट पुग्छ ।" प्रतिकिलो रु तीन सयमा च्याउ बिक्री गर्ने गरेको उहाँले उल्लेख गरे । उनले धान तथा तरकारी खेतीमा आफैँले तयार पारेको गोठेमल हाल्ने गरेको बताए । ज्ञानबहादुरले भने, "पछिल्लो समय युरियाजस्ता विषादीले तरकारीको उत्पादन बढाएको छ, तर मानव स्वास्थ्यमा नराम्रो असर परिरहेको छ ।"

जलवायुमैत्री कृषि प्रविधि प्रवर्द्धन गर्न र किसानको जीविकोपार्जनमा सुधार ल्याउन वीरेन्द्रनगर नगरपालिकाले किसानलाई अर्गानिक तरकारी खेती गर्नका लागि विभिन्न कार्यक्रम ल्याएको नगरपालिकाको कृषि विकास शाखाका कृषि अधिकृत निशा केसीले जानकारी दिए । नगरपालिकाले नगरका १६ वटै वडामा कृषिक्षेत्र पकेट पहिचान गरी तरकारीखेती गर्न सहयोग गर्दै आइरहेको उनले बताए । सहरी क्षेत्रमा कौशीखेती, ग्रामीण भेगमा तरकारीखेती प्रवर्द्धन कार्यक्रम गर्दै आएको उनको भनाइ छ । बीउबीजन वितरण गर्ने, पक्की टनेल निर्माणमा ५० प्रतिशत अनुदान दिने गरेको केसीले जानकारी दिए ।

## कर्णालीको....

छ । नारायणीले जुम्लालाई स्याउ विशेष क्षेत्र घोषणा गर्नुपर्ने धारणा राखिन् । उनले भनिन्, 'कर्णालीलाई अर्गानिक घोषणा गरिएको छ, अब स्याउमा प्रयोग गर्नैपर्ने विषादी हामी पाउँछौं वा पाउँदैनौं, हाम्रो भविष्य के हुन्छ भन्ने यो घोषणाले अन्योलमा पारेको छ ।' प्रविधि हस्तान्तरण गर्दा ५० प्रतिशत लगानी कृषकले गर्नुपर्ने व्यवस्थामा साना कृषकहरुले लगानी गर्न नसक्ने उनको भनाई थियो ।

'हामीले उत्पादन गरेको स्याउ अहिले देशभित्रै बजारमा बेचेका छौं, यदि हामीले उद्योग स्थापना गरेर स्याउलाई गुणस्तर बनाएर अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन सक्यौं भने अझ धेरै मूल्य पाउन सक्छौं,' उनले भनिन्, 'राज्यले उचित नीति र सडक सञ्जाललाई भरपर्दो बनायो भने कर्णालीका स्याउ कृषकले हजारौं रोजगारी सिर्जना गर्न सक्ने क्षमता राख्दछौं ।'


## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१।११।०७)

समाज जागरण केन्द्र (स्याक) नेपाल एक गैर नाफामूलक, गैरसरकारी सरकारी संस्था हो । यस संस्थाले अन्धकारलाई सराप्नु भन्दा एउटा बत्ती बाल्नु वेश भन्ने मूल नाराका साथ समुदायमा कार्यक्रमहरु कार्यान्वयन गरिरहेको छ । महिला, बालबालिका र किशोरकिशोरीहरुको गुणस्तरीय जीवनका लागि सक्षम र समृद्ध समाज निर्माणमा योगदान गर्नका लागि प्रतिबद्ध रही स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता, शिक्षा, जिविकोपार्जन, संरक्षण, जलवायु परिवर्तन, विपद व्यवस्थापन तथा मानवीय सहायता, लैङ्गिक समानता, विविधता तथा सामाजिक समावेशीकरण एवम् संस्थागत विकासका क्षेत्रमा हाल कर्णाली प्रदेशका सबै १० जिल्लाहरुमा कार्य गर्दै आइरहेको छ ।

यी विभिन्न कार्यक्रमहरुमध्ये हेल्भेटास नेपाल र लेकवेशी नगरपालिका, सुर्खेतसंगको साझेदारीमा खानेपानी योजनाको सुचारुपना अभिबृद्धिका लागि अनुगमन तथा मर्मतसंभार प्रणालीमा सुधार (हेलो धारा) कार्यक्रम सन् २०२४ जनवरीदेखि लेकवेशी नगरपालिका, सुर्खेतमा कार्यान्वयन भइरहेको छ । त्यसैले उक्त कार्यक्रमका लागि रिक्त रहेको तपसिलमा उल्लेखित कर्मचारी आवश्यक भएकाले इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुकबाट निवेदन आव्हान गरिन्छ ।

**विज्ञापन नं.** : १८।२०८१।०८२
**पद** : सुचारुपना तथा मर्मतसंभार प्राविधिक
**आवश्यक संख्या** : १ जना
**कार्यस्थल** : लेकवेशी नगरपालिका, सुर्खेत, (नियमित तथा अधिक फिल्ड भ्रमण गर्नुपर्ने)
**आवश्यक शैक्षिक योग्यता, अनुभव तथा दक्षता**

- प्राविधिक एसएलसी वा सो सरह वा सव ओभरसिएर तह उत्तीर्ण गरी खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी १ वर्ष कार्य अनुभव भएको वा प्लम्बिङ ट्रेड लेबल १ उत्तीर्ण गरी खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी २ वर्ष कार्य अनुभव भएको ।
- मोटरसाइकल चलाउन जान्ने तथा बैध सवारी चालक अनुमति पत्र भएको
- खानेपानी तथा सरसफाइका पूर्वाधारहरु मर्मतसंभार गर्न सक्ने अनुभव, सिप तथा दक्षता भएको ।
- आधारभूत रुपमा मेकानिकल, विद्युत तथा प्लम्बिङ सम्बन्धी ज्ञान भएको ।
- खानेपानी तथा सरसफाइका पूर्वाधारहरु मर्मतसंभार गर्नका लागि आवश्यक पर्ने औंजार तथा उपकरण चलाउन सक्ने सिप भएको ।
- प्रभावकारी समन्वय र सञ्चार गर्न सक्ने ।
- इमान्दारिता र पारदर्शिता प्रदर्शन गर्न सक्षम र लैङ्गिक तथा समावेशीकरण सचेत भएको ।

**मुख्य कार्यहरु र जिम्मेवारी** : खानेपानी योजनाका बिग्रेका तथा मर्मतसंभार गर्नुपर्ने संरचनाहरु र्मर्तसंभार गर्ने, तालिमहरु सञचालन गर्ने, खानेपानी उपभोक्ता समितिलाई सक्रिय पार्ने लगायतका कार्यहरु गनुपर्नेछ । विस्तृत कार्यविवरण तलको लिङ्कमा रहेको छ ।
https://docs.google.com/document/d/1IN_vaRFt1Rx62Qmv6juteacDxgBUWt1n/edit

**कार्य अवधी** : आगामी जुलाई २०२५ सम्म (३ महिने परिक्षणकाल रहनेछ । कार्यसम्पादन, आवश्यकता र श्रोत उपलब्धताका आधारमा कार्य अवधी थप हुन सक्ने ।)

**पारिश्रमिक तथा सेवासुविधा** : संस्थाको नियमानुसार तथा कार्यक्रममा भएको व्यवस्था बमोजिम

**प्राथमिकता** : संस्था तथा कार्यक्रमले सकारात्मक विभेदिकरणको नीति अबलम्बन गर्ने भएकाले लैङ्गिक समानता, विविधता तथा सामाजिक समावेशीकरण, सिमान्तकृत, स्थानीयका लागि सकारात्मक विभेद गरिनेछ ।

**दरखास्त दिने विधि** : सन्दर्भ व्यक्तिहरुको नाम, सम्पर्क नं., इमेल ठेगाना, आफ्नो इमेल र सम्पर्क नं. सहितको व्यक्तिगत विवरण (वायोडाटा) सहित यसै सूचनामा रहेको https://bit.ly/sacnepal मार्फत दरखास्त दिन सकिनेछ । म्याद नाघी आएका, तोकिएका शैक्षिक योग्यता पुरा नभएका, तोकिएका मापदण्ड पुरा नगरेका, रितपूर्वक नपरेका वा म्याद नाघी आएका दरखास्तहरु स्वीकृत गर्न संस्था वाध्य हुनेछैन । यस संस्था यौंन उत्पीडन, शोषण र दूर्व्यवहार एवम् बाल दूर्व्यवहार रोक्नका लागि संस्थाको संरक्षण नीति तथा अन्य सम्बन्धित नीतिहरुसहित प्रतिबद्ध रहेको छ । यदि आवेश पेश गर्ने व्यक्तिको यस संस्थामा कुनै नजिकको नाता लाग्ने व्यक्ति वा कुनै स्वार्थको द्वन्द्व (Conflict of Interest) छ भने आवेदनको साथमा उल्लेख वा स्व-घोषणा गर्नुहुन समेत जानकारी गराइन्छ । प्रारम्भिक छनौंटमा परेका उमेदवारहरुलाई मात्र लिखित तथा मौखिकसहित छनौंट प्रक्रियामा समावेश गरिनेछ । संस्थाले पूर्ण वा आंशिक रुपमा कुनै पनि आवेदन विना शर्त स्वीकृत गर्ने वा नगर्ने अधिकार आफूमा निहित गर्दछ ।

**आवेदन पेश गर्ने अन्तिम मिति** : मिति २०८१।११।१३ गते दिनको ५:०० बजेसम्म । यदि कुनै कुरा बुझ्नुपरेमा तल उल्लेखित इमेल वा फोन नं. सम्पर्क गर्न सक्नुहुनेछ ।

थप जानकारीका लागि

**समाज जागरण केन्द्र (स्याक) नेपाल**
वीरेन्द्रनगर, सुर्खेत
फोन नं. ०८३ ५२१२८२
इमेल : info@sacnepal.org.np


## कोहलपुरमा क्रिकेटका नयाँ खेलाडी उत्पादनको लक्ष्य

**सरला सुवेदी**
**बाँके, ६ फागुन ।**

बाँकेको कोहलपुर नगरपालिकामा ७ औं उपमेयर कप छात्रा क्रिकेट प्रतियोगिता फागुन ७ गतेदेखि सुरु हुँदै छ । कोहलपुरमा आयोजित पत्रकार सम्मेलनमा प्रतियोगिता सम्बन्धी विस्तृत जानकारी दिइएको थियो । प्रतियोगिता फागुन १३ गतेसम्म कोहलपुरको अन्तर ीष्ट्रिय क्रिकेट मैदानमा सञ्चालन हुनेछ ।

कोहलपुर नगर खेलकुद विकास समितिको व्यवस्थापनमा हुन लागेको प्रतियोगितामा १८ वटा विद्यालय सहभागी हुनेछन् । कोहलपुर नगरपालिकाले क्रिकेट खेलको प्रवर्द्धन र छात्रा खेलाडी उत्पादन गर्ने उद्देश्यले हरेक वर्ष उपमेयर कप आयोजना गर्दै आएको छ । पत्रकार सम्मेलनमा बोल्दै प्रमुख अतिथि उपप्रमुख संगीता सुबेदीले विद्यालय स्तरबाट महिला क्रिकेट खेलाडी उत्पादन गर्ने लक्ष्यसहित प्रतियोगिता निरन्तर आयोजना गर्दै आएको बताए ।

उनले कोहलपुर खेलकुदको उर्वरभूमि भएकाले नगरपालिकाले क्रिकेट विकासका लागि ठूलो लगानी गरिरहेको उल्लेख गरे । "कोहलपुरबाटै अन्तर्राष्ट्रिय क्रिकेट खेलाडी मनिषा राना जन्मिनु हाम्रो लागि गर्वको विषय हो । यो प्रतियोगितामार्फत थप खेलाडी उत्पादन गर्ने हाम्रो लक्ष्य छ" उपप्रमुख सुबेदीले भने । उनका अनुसार प्रतियोगिताका लागि करीब ७ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ। यस वर्ष विजेता र उपविजेता टोलीलाई प्रदान गरिने पुरस्कार रकम वृद्धि गरिएको छ। कोहलपुर नगर खेलकुद विकास समितिका संयोजक चक्र चिमाला क्षेत्रीका अनुसार प्रतियोगितामा १९ वर्ष मुनिका छात्राहरू सहभागी हुनेछन् ।


## कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
योजना तथा अनुगमन उपशाखा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८१/११/०७**

यस कार्यालयबाट प्रकाशित तपशिलमा उल्लेखित ठेक्का नं. र कार्य विवरण सँग सम्बन्धित निर्माण कार्यका लागि बोलपत्र आव्हान गरिएकोमा निर्धारित समयभित्र कार्यालयमा दर्ता भएका बोलपत्र मध्ये निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम, मुल्याङ्कित एवं सारभुत रुपमा प्रभावग्राही देखिएकाले बोलपत्र स्वीकृतिको आशयको प्रयोजनको लागी सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ प्रयोजनका लागि सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो ७ (सात) दिने सूचना जारी गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम ठेगाना | कबोल अंक भ्याट सहित रु. |
|---|---|---|---|
| BANKE/KOMUN/W/NCB-09/2081/08082 | कोहलपुर नगरपालिकाको विभिन्न वडामा नाली निर्माण | गौमुखी कन्स्ट्रक्सन प्रा.लि काठमाण्डौं म.न.पा-३१ | १९,०७,१५९।००/- |
| BANKE/KOMUN/W/NCB-10/2081/082 | एकतानगर हरिकला सुनारको घरदेखि नगरविकासको सिमाना सम्म सडक कालोपत्रे | अनमोल निर्माण राप्तीसोनारी-०९, बाँके | २१,०२,६१७।००/- |
| BANKE/KOMUN/G/NCB-03/2081/082 | Supply and Delivery of Mini Tiller and Pump set for Kohalpur Municipality Banke | बि.डी.एस नेपाल मालेपाटन-०५, पोखरा | १५,८४,५००।००/- |

(प्रमुख प्रशासकीय अधिकृत)



## चौकुने गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

गुटु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल ।

### बोलपत्र स्विकृतिको आशय पत्र सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१।११।०७**

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट दोस्रो पटक मिति २०८१।१०।१० गते प्रकाशित गरिएको सूचना बमोजिम तपसिलका योजनाको न्यून्तम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राहि देखिन आएकाले बोलपत्र स्विकृतिका लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धीत सबैको जानकारीका लागि यो ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ ।

**तपसिल:**

| क्र. सं. | योजनाको नाम | बोलपत्र प्याकेज नम्बर | बोलपत्रदाता / सेवा प्रदायकको नाम, ठेगाना | कबोल अंक रु (भ्याट बाहेक) | कै |
|---|---|---|---|---|---|
| १ | Construction of Prabi Mayatal school Building at Chaukune-05, Surkhet | CRM/SQ/WORKS/06/081-82 | Prakash Nirman Sewa Bheriganga-09, Surkhet. | 12,14,253/- | |
| २ | Construction of Health Unit Building at Chaukune-03, Surkhet | CRM/SQ/WORKS/06/081/82 | Rabindra Nirman Sewa Panchapuri-05, Surkhet | 11,11,403/- | |
| ३ | Construction of aabi Malika school Building at chaukune-07, Surkhet | CRM/SQ/WORKS/07/081/82 | Rabindra Nirman Sewa Panchapuri-05, Surkhet | 9,66,680/- | |
| ४ | construction of Prabi Keudi School Building at chaukune-10, Surkhet | CRM/SQ/WORKS/08/08-082 | Ghodaisine Nirman Sewa Pvt. Ltd. Lamkichuha-4 Baliya, Kailali | 14,23,357/- | |
| ५ | Procurement of Animal Medicine of Chaukune | CRM/SQ/GOODS/05/081/082 | Pritvi Agrovet Center Tulsipur, Dang | 7,37,000/- | |
| ६ | Construction of aabi Koiralbas school Building at Chaukune-06, Surkhet | CRM/SQ/WORKS/02/081/082 | Rabindra Nirman Sewa Panchapuri-05, Surkhet | 15,79,169/- | |
| ७ | Construction of Nera Prabi school Building at Chaukune-03, Surkhet | CRM/SQ/WORKS/03/081/082 | G.H. Builders Pvt. Ltd. Chaukune-07, Surkhet. | 16,52,313/- | |
| ८ | Construction of Prabi sata school Building at Chaukune-01, Surkhet | CRM/SQ/WORKS/04/081/82 | Rabindra Nirman Sewa Panchapuri-05, Surkhet | 15,69,988/- | |

(प्रमुख प्रशासकीय अधिकृत)

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

# ज्यालामा विभेद भोगेपछि पार्वती बनिन ठेकेदार

**युग संवाददाता**
**कञ्चनपुर, ६ फागुन ।**

पहिला दिनभर मजदुरी गरेर रु पाँच सय ज्याला पाउने कञ्चनपुरको वेदकोट नगरपालिका-५ धरपुरकी पार्वती डगौराले पछिल्लो समय दैनिक रु एक हजार आम्दानी गर्न थालेका छन् । घर तथा विभिन्न संरचना निर्माणमा पुरुषसरह मजदूरी गर्दा पनि महिला भएकाले ज्याला कम पाउन थालेपछि पार्वतीले आफैँ घर निर्माणको ठेक्का लिने योजनासहित मिस्त्रीको काम सिके ।

"दिनभर पुरुषसरह मजदूरी गर्दा पनि ज्याला कम पाउन थालेपछि आफैँ मिस्त्रीको काम गर्ने र घर निर्माणको ठेक्का लिने योजना बनाएँ", पार्वतीले भने, "दातृ निकायको सहयोगमा मैले वडा कार्यालयमा राज मिस्त्रीको तालिम लिएँ ।" उनले वडा कार्यालय र निड्स नेपाल कञ्चनपुरको दिगो आम्दानी तथा महिला सशक्तीकरण परियोजनाको सहयोगमा ६० दिने राज मिस्त्रीको तालिम लिएको बताए ।

"सुरुमा मजदुरी गर्थे दिनको रु पाँच सय मात्रै ज्याला पाउँथे । अहिले आफैँ घर निर्माणको ठेक्का लिन थालेकी छु", डगौराले भने, "अहिले आफूले मिस्त्रीको काम गर्दा दैनिक रु एक हजार आम्दानी हुन्छ ।" राज मिस्त्रीको तालिम सकिनेबित्तिकै गाउँमा एउटा घर निर्माणको ठेक्का मिलेको उनको भनाइ छ ।

## मालपोत कार्यालय सुर्खेतको ३५ दिने सार्वजनिक सूचना

चिङ्गाड गाउपालिका वडा नं. १ बस्ने विष्णु अधिकारी समेतले हाम्रा/मेरा पति समेतका पविलाल अधिकारीका नाउँमा जग्गा दर्ता भएको र निजको मिति २०६५/०७/२५ मा बेपत्ता भएको हुँदा बेपत्ताका नामको जग्गामा हक लाग्ने निजका हकवाला साझा हकदार विष्णु अधिकारी समेत जिवित ज.ध. सहित ७ जना भएकोले हाम्रा/मेरा नाउँमा नामसारी गरी पाउँ भन्ने बेहोराको साझा नामसारीको मिति २०८१/०९/१९ को निवेदन भएको ।
यस कार्यालयबाट कारबाही हुँदा यस कार्यालयको मिति २०८१/११/०४ को आदेश अनुसार यो ३५ दिने सार्वजनिक तथा हकदारको नाउँको सूचना प्रकाशित गरिएको छ । बेपत्ता पविलाल अधिकारी समेतको नाउँको तपशिलको जग्गामा हक लाग्ने हकदार अरु कोही भए यो सूचना टाँस गरिएको मितिले बाटाको म्याद बाहेक ३५ दिनभित्र प्रमाण काजगसहित यस कार्यालयमा उजुरी गर्न आउनुहोला । यो सूचनाको म्याद भित्र उजुरी/दाबी नगरेमा नियामनुसार भैइजाने व्यहोरा हकदार र अरु सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

**जग्गाको विवरण**

| जग्गा धनीको नामथर: | गा.वि.स. | वडा नं. | कित्ता नम्बर | क्षेत्रफल |
|---|---|---|---|---|
| १) नर बहादुर | लावन | ७ क | २३ | ९-९-२-२ |
| २) तेज बहादुर | लावन | ७ ग | १५ | ९-१-१-१ |
| ३) चन्द्र बहादुर | लावन | ७ ग | १६ | १७-०-०-१ |

४) श्रीमती धनसरा
५) टिका अधिकारी ६) असेम बहादुर अधिकारी ७) टेक बहादुर अधिकार ८) पविलाल अधिकारी

यसमा ज.ध. टिका अधिकारी असेम बहादुर अधिकारी र टेकबहादुर अधिकारी जिविर्त रहेका । ज.ध. श्रीमती धनसराको मृत्यु भएको र निजको र निजको नाम थर जैसरा अधिकारी भएको (मृत्यु मिती २०६३/०६/१६), ज.ध. चन्द्र बहादुर अविवाहित अवस्थामा मिति २०४६/०६/१३ गते मृत्यु भएको, ज.ध. नर बहादुर मिति २०७५/०९/२० मा मृत्यु भएकोमा निजका एकमात्र श्रीमती डिल कुमारी अधिकारी मिति २०६६/०१/१० मा अन्य पुरुषसँग भारततर्फ गई वेपत्ता भएको निज दाम्पत्तिबाट जन्म भएका एकमात्र छोरा खिम बहादुर अधिकारी निवेदक रहेको, ज.ध. तेज बहादुरको मिति २०७६/११/०८ मा मृत्यु भएको निजका एकमात्र श्रीमती टिका वली निवेदक रहेका, ज.घ. पविलाल अधिकारी मिति २०६५/०७/२५ मा भारततर्फ गई बेपत्ता भएका, निजका एकमात्र श्रीमती विष्णु अधिकारी निवेदक रहेका, ज.ध. धनसराका छोराहरु मध्य नन्द बहादुर अधिकारी समेत हकदार रहेका यसमा ज.ध. धनसरा र जैसरा अधिकारी, टिकादेवी अधिकारी र टिका अधिकारी र ओम बहादुर अधिकारी र असेम बहादुर अधिकारी भन्ने व्यक्ति फरक फरक नभई एउटै भएको व्यहोरा समेत चिंगाड गा.पा. १ नं वडा कार्यालय रजेना, सुर्खेतको च.न. ३९३ मिति २०८१/०९/१४ को फोटो टाँस सहितको किटानी सिफारिस समेत निवेदन दर्ता हुन आएकोमा यसमा हकलाग्ने वा व्यहोरा फरक भई सच्याउने वा खारेज नै गर्नुपर्ने भए सप्रमाण समयावधि भित्रै कार्यालयमा उजुरी गर्न समेत जानकारी गराइन्छ ।

## पर्यटन डिभिजन कार्यालय
**कोहलपुर, बाँके**

### दरभाउपत्र स्वीकृत सम्वन्धि आशयको सूचना

**सूचना प्रकाशित मिति:२०८१/११/०६**

यस कार्यालयको तपसिल बमोजिमका दरभाउपत्रहरुका लागि मिति: २०८१/१०/१८ गते मध्यान्न राष्ट्रिय दैनिक पत्रिका तथा E-Bidding द्धारा प्रकाशित सूचना अनुसार Online दर्ता हुन आएका प्रस्तावहरु मध्ये तपशिलका प्रस्तावहरुलाई गठित मुल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ तथा दफा ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम | सारभूत रुपमा प्रभावग्राही न्यून दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक मु.अ.कर समेत रु. |
|---|---|---|---|---|
| १ | BANKE/TDO/ WORKS / SQ-33/081/082 | उमेश्वरी शिव मन्दिर संरक्षण बढैयाताल-६, बर्दिया | श्री जयगुरुदेव कन्स्ट्रक्सन बारबर्दिया-९, बर्दिया | 7,20,644।47 |
| २ | BANKE/TDO/ WORKS / SQ-34/081/082 | थारु संग्रहालयको अधुरो भवन निर्माण बढैयाताल-५, बर्दिया | श्री एन.एस.आर.डि. मल्टीपर्पोज क.प्र.लि. बुढीनन्दा-७, बाजुरा | 10,49,597।57 |
| ३ | BANKE/TDO/ WORKS / SQ-35/081/082 | देउराली सांस्कृतिक भवन निर्माण झिमरुक-३, प्यूठान | श्री दिव्याङ्गा निर्माण सेवा प्युठान-२, प्युठान | 15,20,675।28 |
| ४ | BANKE/TDO/ WORKS / SQ-36/081/082 | देवरकाजी अधुरो मन्दिर निर्माण सिस्ने-६, रुकुम पूर्व | श्री ग्रिन कन्स्ट्रक्सन मुसीकोट-४, रुकुम | 13,69,388।37 |
| ५ | BANKE/TDO/ WORKS / SQ-38/081/082 | साहारा महिला बहुउद्देश्यीय सहकारी संस्था लि.को सभाहल निर्माण मुन-२, प्युठान | श्री प्रतिभा निर्माण सेवा प्युठान-२, प्युठान | 12,74,492।1 |
| ६ | BANKE/TDO/ WORKS / SQ-39/081/082 | संघर्षशील सामाजिक उद्यमी महिला सहकारी लि.को हल निर्माण राप्तिशोनारी-९, बाँके । | श्री रक्षा देवी कन्स्ट्रक्सन राप्तिसोनारी-८, बाँके | 12,96,921।55 |
| ७ | BANKE/TDO/ WORKS / SQ-40/081/082 | जाखेरा तालको गेट तथा टिकट काउन्टर निर्माण लमही-३, दाङ्ग | श्री वि.थ्रि बिल्डर्स प्रा.लि. गढवा-५, दाङ्ग | 9,96,544।57 |

## सुरु...

उक्त तथ्याङ्कलाई पुनः परीक्षण गरेर पुनर्निर्माण अघि बढाइएको उनले बताए । उनका अनुसार डोटीमा नौ हजार हाराहारीमा लाभग्राही छन् ।

जाजरकोट र रुकुमपश्चिममा पुनर्निर्माणका लागि पहिलो चरणको विवरण सङ्कलन भइरहेको र अब पुनर्निर्माण सुरु हुने कार्यकारी प्रमुख भुसालले जानकारी दिए । उनका अनुसार पश्चिम नेपालमा भूकम्पबाट क्षति भएका निजी घरहरूको विस्तृत विवरण सङ्कलनमा विपद् अध्ययन केन्द्र, इन्जिनियरिङ अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय र प्राधिकरणबीच सम्झौता गरी काम भइरहेको छ ।

यकिन विवरण सङ्कलन गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका उपसचिव वेदनिधि खनाल, सुदीपविक्रम भट्ट र रामबहादुर केसीसहितको टोलीले स्थलगत रूपमा जाजरकोट पुगेर सोमबार पहिलो चरणमा खटिने प्राविधिकलाई तालिम सञ्चालन गरेका छन् । उनीहरूले स्थानीय तह, सहरी विकास मन्त्रालय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाबाट खटिएका इन्जिनियरलाई तालिम सञ्चालन गरेका हुन ।

## कर्णालीको...

लगानीको वातावरण बनाउनुपर्छ । सबै राजनीतिक दलहरुले यसरी सोच्नुपर्ने अवस्था छ,' उनले भने । युवाहरुलाई विदेशिनबाट रोक्न राजनीतिक प्रतिवद्धता नभएसम्म यो समस्या समाधान नहुने मन्त्री शाहको दावी थियो ।

'हाम्रो राजनीतिज्ञ अर्थतन्त्र बुझ्दैनन् । ब्युरोक्रेशीमा आफ्नै समस्या छन् । हामी पढेलेखेका हौँ, हामी कसैलाई जान्दैनौँ भन्ने उहाँहरुमा भ्रम छ । म भाषण गर्न जान्दिन् । पुर्खाले ठाउँ पछि पऱ्यो भनेर यहाँ आएको हुँ । म दिने, गर्ने ठाउँमा छु तर सोचे जस्तो रहेनछ,' शाहले भने । त्यस्तै, सहजकर्ता ढकालको कर्णालीमा किन लगानी बढेन भन्ने प्रश्नमा सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मण कँडेलले कर्णालीको अर्थतन्त्र सबल बनाउन निजि क्षेत्रले खोजेको पूर्वाधार र नीतिहरु अझै तयार नभएको बताए ।

'सबल अर्थतन्त्रका लागि राज्यले काम गर्नुपर्ने छ । निजी क्षेत्रले नाफा कमाउन सकेमात्र राजस्व बढ्ने हो । तर, हामी कहाँ निजी क्षेत्रलाई कमाउन आएका हुन् भन्ने भाष्य परेको छ,' उनले भने, 'निजी क्षेत्रले आफ्नो सबै सम्पत्ती बैंकमा राखेर व्यापार, व्यवसाय गरिरहेका हुन्छन् । त्यसको संरक्षण दायित्व सरकारको हो तर, त्यो कमी देखिएको छ । भारत, चाइनामा निजी क्षेत्रलाई बचाउनुपर्छ भन्ने हुन्छ तर हामी कहाँ यस्तो छैन ।'

कोरोना, भूकम्पदेखि अहिलेको आर्थिक मन्दीले धेरै उद्योग प्रतिष्ठानहरु चलायमान नहुदा सरकारको राजश्वको लक्ष्य पुरा हुन नसकेको उनले बताए । 'निजी क्षेत्रले लगानी नगरेको होइन । निजी क्षेत्र नआएको भए लुम्बिनीमा २० वटासम्म सिमेन्ट उद्योग कसरी खुल्थे ? तर संरक्षणका लागि राज्यले खोई वातावरण तयार गरेको ?'

कर्णाली प्रदेश उत्पादनमा जाने हो भने खानी, खनिज, हाइड्रोको क्षेत्रमा लगानी गर्नुपर्ने उनले बताए । यसका लागि राज्यले सडक, बिजुली र खानेपानी लगायतका पूर्वाधारहरु तयार नगरिदिएको उनको दावी छ । सहजकर्ता ढकालले नेपालमा लगानी र वातावरणको अवस्थाका बारेमा सोधेको प्रश्नमा गोल्ड स्टारकी कार्यकारी निर्देशक विदुषी राणाले सरकारको स्पष्ट नीति नहुदा लगानीसँगै उत्पादन भएका वस्तुहरुको बजरीकरणमा ठुलो समस्या रहेको बताईन ।

'बैंकमा अहिले धेरै लगानीय योग्य पूँजी थुप्रिएको छ । म बैंकमा काम गरेके मान्छे । अहिले धेरैले कर्जा लिइरहेको अवस्था छैन । त्यसको समस्या आर्थिक हो । हामीले जुत्ता बनाएर बजारमा पठाएपनि बिक्रीमा समस्या छ । हामी जस्तो उद्यमीहरुले पनि कर्जा लिन सक्ने अवस्था छैन,' उनले भनिन् । आफुहरुले उत्पादन गर्ने गोल्डस्टार जुत्ता नेपालमा २० प्रतिशत मान्छेले पनि नलगाउने गरेको दृष्टान्त उनले सुनाइन ।

'जुत्ताचप्पल उद्योगमा ५० हजार बढीलाई रोजगारी दिइएको छ, तर भारतबाट चोरी पैठारीबाट जुत्ता आइरहेको छ । राज्यले हामीलाई कुनै संरक्षण गरेको छैन, उनले भनिन्, 'हामी जस्तो व्यापारीहरुले पनि लोन लिन सक्ने अवस्था छैन, तिर्नसक्ने अवस्था नहुँदा बैंकमा लोन लिने मानिसहरुमा कमी आएको छ ।'

# क्यान्सर पीडितद्वारा सहयोगको याचना

**युग संवाददाता**
**जुम्ला, ६ फागुन ।**

रक्त क्यान्सरबाट पीडित यहाँको गुठीचौर गाउँपालिका-५ का ५१ वर्षीय सत्यबहादुर भण्डारीको उपचारका लागि परिवारले सहयोगको आग्रह गरेको छ । छोरा दीपेन्द्र भण्डारीले बुवाको उपचारका लागि आर्थिक अभाव भएकाले सहयोगको आग्रह गरेका हुन ।

भण्डारी तीन महिनादेखि सिभिल अस्पताल मीनभवनमा उपचाररत हुनुहुन्छ । छोरा दीपेन्द्रका अनुसार बुबाको उपचारमा धेरै रकम खर्च भइसकेकाले थप उपचारका लागि आर्थिक समस्या भएको छ । "बुबाको उपचारका लागि अझै धेरै खर्च लाग्ने भएको छ । सहयोग गर्न चाहने सहयोगी मनहरूले सहयोग गरे मेरो बुबाले पुनर्जीवन पाउनुहुन्थ्यो, त्यसैले सहयोगको आग्रह गरेका हौँ," छोरा दीपेन्द्रले भने ।


सहयोग गर्न चाहनेहरूले नेपाल इन्भेस्टमेन्ट मेगा बैङ्क लिमिटेडमा रहेको सत्यबहादुर भण्डारीको खाता नं ०२२०५१२०२८०८१५मा सहयोग रकम जम्मा गरिदिन आग्रह गरिएको छ । भण्डारीलाई सहयोग गर्न चाहनेले छोरा दीपेन्द्रको फोन नं ९८४८३५६६५९ मा सम्पर्क गर्न सकिनेछ ।

## प्रदेश...

भएको रगतको नली खुलाउनेजस्ता प्रोस्युडर गरिने चिकित्सकहरूले बताएका छन् । विगतमा हृदयघात भएपछि हस्पिटलमा छाती चिरेर मुटुको बन्द भएको नलीलाई अरु नलीसँग जोडेर मुटुको रक्तनली सञ्चालन ल्याउनुपर्दथ्यो । यसबाट 'पोष्ट कम्प्लिकेसन' आउनसक्ने सम्भावना हुन्थ्यो । अब केवल क्याथल्याबमा हात वा खुट्टाको रगतको नलीबाट क्याथेटर छिराएर बन्द भएको रगतको नली सफा गरेर जाली राखेपछि फेरि रगतको नली पुनःस्थापना गरिने बताइएको छ ।

## घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

## विज्ञापन दर/रेट सम्बन्धी सूचना

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**विज्ञापन दर/रेट**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २०००/- | रु. १८००/- |
| भित्री पृष्ठ | रु. १५००/- | रु. १२००/- |
| अन्तिम पृष्ठ | रु. १७००/- | रु. १५००/- |

**वर्गीकृत**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५००/- | रु. १५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७०/- |

ज्याकेट १ पेज रु. ८,००,०००/-

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता..
फोन नं.: ९८५८०५२८१०/९८५८०५५६२७/९८५८०५५६२८
इमेल: yugaawhandainik@gmail.com, yugaawhan@gmail.com

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरु**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

## सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।



budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: भवानी छापाखाना, सुर्खेत ।